# पाणिनी गाउँपालिका
# गाउँकार्यपालिकाको कार्यालय
## रोजगार सेवा केन्द्र
दुर्गाफाँट, अर्घाखाँची

पत्र संख्या ०७५।०७६
च. नं. २६४

मितिः २०७६।०७।१९

श्री वडा कार्यालय (१ देखि ८ सम्म सबै)
पाणिनी गाँउपालिका

बिषयः बेरोजगार व्यक्तिको सुचीमा दर्ता हुनका लागि निवेदन दिएका व्यक्तिहरुको पुरा विवरण भराईदिनुहुन ।

प्रस्तुत बिषयका सम्बन्धमा आ. व. २०७५/७६ को चैत्र र बैशाख महिनामा बेरोजगार दर्ताका लागि निवेदन दिइ बेरोजगार व्यक्तिहरुको सुचीमा सुचिकृत हुन लागिरहेका व्यक्तिहरुको विवरण रोजगार व्यवस्थापन सुचना प्रणाली(EMIS) मा प्रबिष्ट गर्न अपुग भएको हुदा तपशिल बमोजिमको थप विवरण मंसिर ३० गते सम्म अनिवार्य रुपमा पहिलेकै फारममा भराइ पठाइदिनुहुन अनुरोध छ । साथै भरिसकेको निवेदनको ढाँचा यसै पत्रसाथ पठाइएको व्यहोरा जानकारी गराइन्छ ।

तपशिल

१) वेरोजगार व्यक्ति(निवेदक) को पारिवारिक विवरण र परिवारका सम्मपुर्ण व्यक्तिहरुको रोजगारीको अवस्था (फारमको ९ नं. तालिका अनुशार)

२) वार्षिक पारिवारिक आय

३) बैङ्कको नाम र खाता नं.(उपलब्ध भएको खण्डमा)

४) फारमको ७ नं. तालिका र मोवाईल नं. ।

नोटः पर्याप्त विवरण उपलब्ध नभएको खण्डमा वेरोजगार व्यक्तिको विवरण व्यवस्थापन सुचना प्रणालीमा प्रविष्ट गर्न नमिल्ने हुदा निवेदक वेरोजगार व्यक्तिको सुचीमा सुचिकृत हुन सक्दैन ।

०७६।७।१९

मधुकृष्ण पौड्याल
प्रमुख प्रशासकीय अधिकृत